# भाग ५

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना-१

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण नेपालगञ्जको लेखा सदस्य पदमा कोष तथा लेखा नियन्त्रक कार्यालय, बाँकेका प्रमुख कोष नियन्त्रक श्री मोहन शरण भण्डारीलाई र राजस्व न्यायाधिकरण नेपालगञ्जको राजस्व सदस्य पदमा नेपालगञ्ज भन्सार कार्यालय, बाँकेका प्रमुख भन्सार अधिकृत श्री ध्रुवराज विश्वकर्मालाई मिति २०८०।०९।२२ को निर्णय अनुसार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

### सूचना-२

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण पोखराको लेखा सदस्य पदमा कोष तथा लेखा नियन्त्रक कार्यालय, कास्कीका प्रमुख कोष नियन्त्रक श्री रमेश अर्याललाई र राजस्व न्यायाधिकरण पोखराको राजस्व सदस्य पदमा आन्तरिक राजस्व कार्यालय, पोखराका प्रमुख कर अधिकृत श्री शिव शर्मालाई मिति २०८१।०२।१३ को निर्णय अनुसार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना-३

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण पोखराको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत पोखराका माननीय न्यायाधीश श्री सुदर्शनराज पाण्डेलाई मिति २०८१।०४।३१ को निर्णय अनुसार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना-४

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण विराटनगरको राजस्व सदस्य पदमा आन्तरिक राजस्व कार्यालय, विराटनगरका प्रमुख कर अधिकृत श्री भुपाल शाक्यलाई मिति २०८१।०५।१८ को निर्णय अनुसार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-५

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण विराटनगरको लेखा सदस्य पदमा कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरङका प्रमुख कोष नियन्त्रक श्री तोमनाथ उप्रेतीलाई मिति २०८१।०५।३० को निर्णय अनुसार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ।

## सूचना-६

नेपाल सरकारले राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी राजस्व न्यायाधिकरण विराटनगरको कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत विराटनगरका माननीय न्यायाधीश श्री ध्रुवराज नन्दलाई र राजस्व न्यायाधिकरण नेपालगञ्जको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानून सदस्य एवं अध्यक्ष पदमा उच्च अदालत तुलसीपुर नेपालगञ्ज इजलासका माननीय न्यायाधीश श्री सुभाष पौडेललाई मिति २०८१।०६।१८ को निर्णय अनुसार तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

**आज्ञाले,**
**उदयराज सापकोटा**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।